# मेरा भाइहरू (र बहिनीहरू) मध्ये सानाभन्दा पनि साना

## येशूभक्तहरूलाई परोपकारीय सेवा गर्न आह्वान

*(The Least of These": Ministering to Those in Need)*

## (मिशन समाचार सहित)


लेखकः

जोनाथान डफ्फी

भावानुवादकः

भजुराम तखाछेँ श्रेष्ठ



हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

सन् २०१९ (बि.सं. २०७६)

ईन्टरनेट वेबसाईट : www.nepalworks.com/bhajupurna
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७६ (ई.सं. २०१९)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भाषा शुद्धीकरणः धन बहादुर पुलामी

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२
bhajupurna@gmail.com
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## "सानाभन्दा साना यी मेरा भाइहरू. . ."

"अनन्तको सुसमाचार" (प्रकाश १४:६) संसारको सबै कुना काप्चाहरूमा फैलाउन विशेष गरेर सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई आह्वान गरिएको छ। यो काम हामीले गर्दा हामीले केवल येशूका यी वचनहरूलाई पालन गरिरहेका हुन्छौंः येशूका चेला वा उहाँका वचन पालन गर्ने साथीहरू (यूहन्ना १५:१५) बनाउने, बप्तिस्मा दिने र उहाँले जे जे निर्देशनहरू दिनुभएको छ त्यसलाई सिकाउने (मत्ती २८:२०)। उहाँले उहाँका भक्तहरूलाई दिनुभएको निर्देशनहरूमा अरू पनि थप दिनुभएको छ। अर्थात् एक हातले सुसमाचार प्रचार गर्नु र अर्को हातले अनेक किसिमका चोटले पिरोलिएका, समाजमा पिछडिएका, अपहेलित, दबिएका, दलित, दुर्व्यवहारमा पारिएका, निम्नस्तर वा दरिद्र तथा आर्थिक अवस्थामा अत्यन्तै कमजोर भएका भोका र विभिन्न खालका नजरबन्दहरूमा परेकाहरूको सेवा अर्थात् परोपकार पनि गर्नुपर्छ भनेर पनि येशूले निर्देशन दिनुभएको छ।

येशूले असल सामरितनको बारेमा भन्नुभएको अर्तीकथामा हाम्रो ध्यान पुऱ्याउनु जरुरी छ (लुका १०:३०-३६)। उहाँका वचनहरू सुन्नेहरूलाई उहाँले सल्लाह होइन यो निर्देशन दिनुभएको थियो "जाऊ र तिमीहरूले पनि त्यही गर।" (तर याद गर्नुहोस्ः सामरितनलाई येशू आफैले "असल" भनेर सम्बोधन गर्नुभएको थिएन। लेबी र पूजारीले घाइतेलाई उपचार गर्ने खर्च नभएकोले तिनीहरूले त्यस घाइतेलाई त्यसै छोडेर गएका हुनसक्छन्। तर सामरितन व्यापारी थियो, गैर मिसन कर्मचारी थियो। दिनभरी काम गरेर त्यसबाट आफ्नो आम्दानी जुटाउँथ्यो। त्यसले गर्दा आफ्नो बचेको पैसाले घाइतेलाई उपचार गर्न सहयोग गर्न सकेको थियो। "जाऊ र त्यसै गर" भनेर येशूले दिनुभएको निर्देशनलाई पावलले यसरी व्याख्या गरेको पाइन्छ "चोर्नेले अब उसो नचोरोस्-(अर्थात् आफूले कामचाहिँ नगर्ने तर अरूको वा चर्चको सहयोगमामात्र निर्भर हुने प्रवृत्ति जसलाई घुमाउरो पाराले चोरेको भन्न पनि सुहाउँछ) बरु उसले परिश्रम गरोस्। उसले आफ्नो हातले ईमानदारीसाथ परिश्रम गरोस्, र खाँचोमा परेकाहरूलाई दिन सकोस्।" एफिसी ४:२८। कोही मानिस जो येशूलाई विश्वास गर्छु भनेर नै किन दावी नगरोस् यदि आफ्नो हातमा भएको सिपलाई प्रयोग गरी पैसा कमाउन असक्षम् छ भने ऊ परनिर्भर

बन्छ र अरूलाई सहायता गर्न पनि आफै असक्षम् हुन जान्छ। सामरितनको कथामा "असल" भनेर जोडिएको शब्द येशू आफैले नभनी त्यस कथालाई अनुवाद गर्दा थपिएको हो। बरू त्यस सामारितनलाई "सद्दे" वा "सामान्य वा नर्मल" मानिसको जस्तो चरित्र हुनुपर्ने येशूको चाहनाले प्रतिबिम्ब गरेको छ भन्न सकिन्छ। यो पनि ख्याल गर्नुहोस्ः लेबी वा एल्डर वा चर्चको कर्मचारी र पूजारी वा पास्टरको बारेमा येशूले नगर्नुभएको टिप्पणीले चर्च वा मिसन कर्मचारीको आम्दानी थोरै हुनेभएकोले तिनीहरूको अवस्थाप्रति उहाँ संवेदनशील हुनुभएको देखाउँछ- अनुवादकको व्यक्तिगत व्याख्या)।

कुन सन्दर्भमा येशूले उपर्युक्त अर्ती कथा भन्नुभएको थियो सो थाहा पाउनु जरुरी छ। उहाँले त्यस समयको चित्रण गर्नुभएको थियो जब उहाँले सारा राष्ट्रहरूलाई "गोठालाले आफ्नो भेँडाहरूबाट बाख्राहरूलाई अलग गरिएको जस्तै" उहाँले पनि उहाँका जनहरू र उहाँका जन नहुनेहरू अलग गर्नुहुनेछ (मत्ती २५:३२)। भोका, बिमारी, नाङ्गा र कैदमा परेकाहरूको परोपकार गर्नु येशूभक्तको जिम्मेवारी भएको औंल्याउँदै उहाँ भन्नुहुन्छ "म तिमीहरूलाई भन्दछु सानाभन्दा साना यी मेरा भाइहरूलाई (याद गर्नुहोस् उहाँले उहाँका भाइहरू अर्थात् उहाँलाई प्रेम र विश्वास गर्ने जनहरूलाई औंल्याउनुभएको) जे गर्‍यौ त्यो मलाई नै गरेका हौ" (मत्ती २५:४० रूपान्तरित)। अर्को शब्दहरूमा भन्ने हो भने हामी एडभेन्टिस्टहरूमा विशेष सत्यहरू जस्तै मुक्ति, पवित्र मन्दिर, मानिस मरेपछि ऊ न त स्वर्ग वा नरकमा जान्छ बरू येशू नआउँञ्जेल सुतिरहन्छ, येशूको आगमन, तीन स्वर्गदूतका सन्देशहरू, परमेश्वरको व्यवस्था कायमै भइरहेको र साबथको बारेमा भएको ज्ञान सिकाउनुको साथै अरूको आवश्यकताको पनि वास्ता गर्नु हो तर येशूले दिनुभएको निर्देशनलाई पन्छाएर बस्नु हाम्रो निम्ति अशोभनीय छ भनेर महसुस गर्नुपर्दछ। एलेन जी ह्वाइटले आफ्नो प्रख्यात भनाइ यसरी राख्छिन् "यदि मानिसहरूको बीचमा गएर काम गर्नुछ भने केवल येशूको मौलिक तरिकालाई अपनाउनुपर्दछ। अनिमात्र हामीहरूको काममा सफलता मिल्न सक्दछ। मानिसहरूको हित खोज्ने वा परोपकारी भावनाले प्रेरित भएको देखाउँदै उद्धारकर्ता तिनीहरूको बीचमा घुलमिल गर्नुभएको थियो। तिनीहरूलाई उहाँले सहानुभूति देखाउनुभएको थियो। तिनीहरूको आवश्यकतामा उहाँले सेवा गर्नुभएको थियो। उहाँले तिनीहरूको विश्वास जित्नुभएको थियो। अनि उहाँले

तिनीहरूलाई आह्वान गर्नुभयो "मेरो पछि लाग।"-द मिनिस्त्री अभ हिलिङ्ग, पृ. १४३बाट रूपान्तरित।

समाजमा आर्थिक स्थिति कमजोर भएका, दविएका, शोषित भएका, जात, आस्था, लिङ्ग आदि जस्ता भेदभावको मारमा परिरहेका मानिसहरूप्रति परमेश्वरले विशेष चासो व्यक्त गर्नु भएको पदहरू २,१०३ छन् भनेर कसैले गनेको थियो। सुसमाचार प्रचार गरेर येशूप्रति आस्था जगाउने, अनेकौं मजबुत धार्मिक शिक्षादीक्षा सिकाउने वा जान्ने र इसाई जीवनशैली अपनाउनुको तुलनामा अरूको आवश्यकतामा संवेदनशील हुनु र अरूको सेवा गर्न भनि बाइबलमा धेरै सिकाएको छ। हामीहरूको वरिपरि रहेका मानिसहरूको पीडा र दुःखको उद्धार गर्ने काममा हामी गम्भीर हुनै पर्छ। त्यसको अर्थ हामीले फैलाउनु पर्ने सुसमाचारलाई न्युन गर्नु वा पन्छाउनु भनेको होइन। तर त्यसको बिपरीत यदि हामीले अरूको उपकार वा परोपकारमा ध्यान दिनसक्यौं भने सुसमाचार फैलाउने प्रभाकारी औजार त्यो हुनसक्छ। अरूलाई सहायता गर्नको निम्तिमात्रै सहायता गर्नु असलै छ। तर हामीले सहायता गर्दा न्यायोचित ढङ्गले गर्नुपर्छ (मिका ६:८ "८ ए मानिस, जे असल छ, त्यो उहाँले तिमीलाई देखाउनुभएको छ। र परमप्रभुले तिमीबाट के चाहनुहुन्छ? केवल ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तिम्रा परमेश्वरसित विनम्र भएर हिँड्नू")। असल गर्नु न्यायपूर्ण र ठिक छ भनेर सबै मानिसले बुझ्नुपर्दछ। फेरि त्यसै बखत केवल तुरन्तै र अस्थायी आवश्यकतालाई ध्यानमा राखेर सेवा गर्नुमात्र न्यायोचित होइन तर तपाईंमा भएको आशालाई ती मानिसहरूको सामु देखाउनु पनि आवश्यक भएको सबै विश्वासीले महसुस गर्नुपर्दछ (१ पत्रुस ३:१५)। त्यो यस संसारमा जन्मिने प्रत्येक मानिसलाई येशूले दिनुभएको अनन्त जीवनको आशा हो।

येशूले बिरामीहरूलाई निको पार्नुभयो, अन्धाका आँखाहरू खोलिदिनुभयो, कोढ रोगले ग्रस्त भएकाहरूलाई स्वस्थ बनाउनुभयो। त्यतिमात्र नभएर मरेकाहरूलाई पनि बिउँताउनुभयो। तर एउटा वास्तविक कुरा त हामीले बिर्सनुहुन्न। त्यो हो, उहाँको परोपकारको सेवा पाएकाहरू ढिलो वा चाँडो मर्नेनै भएका थिए, होइन र? तर उहाँले ती मानिसहरूको निम्ति जे भलो गर्नुभयो वा तिनीहरूको तत्काल आवश्यकतालाई जे पुऱ्याइदिनुभयो उहाँ त्यसैमामात्र अड्किनुभएन। जब उहाँले मानिसका असमान व्यवहारले चित्त दुखेकाहरूलाई आफ्नो वास्ता देखाउनुभयो र सेवा गर्नुभयो, तब उहाँले यो पनि

भन्नुभयो "मेरो पछि लाग।" त्यसकारण, समाजमा पिछडिएका, सामाजिक असमानताले चोट पाइरहेका, आर्थिक अवस्थामा पीडित भएका, शारीरिक कष्ट भोगेका आदिहरूको सेवा गर्दा हाम्रो पनि  मुख्य लक्ष्य यही हुनुपर्छ कि उहाँलाई औंल्याएर भन्नुपर्छ "उहाँको पछि लाग।"

जब हामी संसारको भलो र न्यायको निम्ति प्रयत्न गर्दछौं तब हामी त्यसलाई परमेश्वरको राज्यको प्रयोगशाला भइरहेको देखाइरहेका हुन्छौं। अर्थात् परमेश्वरको राज्यको अनुभव गरिरहने भक्तहरू कस्तो हुनुपर्छ भनेर येशूकै वचन अनुसार हामी तालिम लिइरहेका हुनेछौं (लूका ४:१८,१९ "१८ “परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।”  अनि त्यही काम गर्न येशूले हामीलाई पठाउनुभएको छ "तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, “तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।” यूहन्ना २०:२१)। जब हामी मानिसहरूको सामु परमेश्वरको राज्यको आभास् दिन्छौं तब त्यो कार्यले हामी  परमेश्वरमाथि विश्वास भएको, न्यायसङ्गत, ठीक भएको देखाउँछौं। साँच्चै भनौं भने यो त प्रवचन दिएर मानिसहरूलाई मुग्ध बनाउनुभन्दा पनि प्रभावकारी हुन्छ भन्दा कसैले असहमति जनाउँदैन होला। अझ भनौं भने समाजमा दविएकाहरू र अनेकौं कारणहरूले कमजोर भएकाहरूको सेवा गर्दा हामीले परमेश्वरकै सम्मान देखाइरहेका हुन्छौं र उहाँको आराधना गरिरहेका हुन्छौं ("६ “अन्यायको बन्धन फुकाल्न, जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरूलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको उपवास यही होइन र? ७ आफ्नो भोजन भोकासित बाँड्चूँड् गर्नु, र घर नभएका गरीबहरूलाई शरण दिनु– नाङ्गोलाई देखेर लुगा लगाइदिनु, र आफ्नो जात-भाइहरूबाट नलुक्नु, होइन र? ८ तब तिमीहरूको ज्योति बिहानझैं फुटेर निस्कनेछ, र तिमीहरू चाँड़ै निको हुनेछौ। तब तिमीहरूको धार्मिकता तिमीहरूका अगिअगि जानेछ, र परमप्रभुको महिमाचाहिँ पछिल्तिरको रक्षक हुनेछ। ९ तब तिमीहरूले पुकार गर्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ। तिमीहरूले सहायताको निम्ति बिन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछ, ‘म यहीं छु’। “यदि तिमीहरूले आफ्ना बीचबाट अत्याचारको जुवा फालिदियौ, अरूलाई औंला

ठाड़ो गर्न र ईर्ष्यापूर्ण कुरा बोल्न त्याग्यौ, १० अनि सम्पूर्ण हृदयले तिमीहरूले आफैलाई भोकाहरूका निम्ति दियौ, र अत्याचारमा परेकाहरूको आवश्यकता पूरा गरिदियौ भने, तिमीहरूको ज्योति अँध्यारोमा चम्कनेछ र तिमीहरूको रात मध्यदिनजस्तै हुनेछ। ११ परमप्रभुले तिमीहरूलाई निरन्तर डोऱ्याउनुहुनेछ, र घामको उखुम गर्मी परेका ठाउँहरूमा पनि तिमीहरूलाई सन्तुष्ट पार्नुहुनेछ, र तिमीहरूका हाड़हरूलाई बलिया पार्नुहुनेछ। तिमीहरू प्रशस्त पानीले भिजाएको बगैंचाझैं र नसुक्ने पानीको मूलझैं हुनेछौ। १२ तिमीहरूका मानिसहरूले पुराना भग्नावशेष फेरि बनाउनेछन्। धेरै पुराना जगहरू तिनीहरूले उठाउनेछन्। तिमीहरू 'भत्केका पर्खालहरू निर्माण गर्ने' र 'बस्ने घरहरूका निम्ति बाटो फेरि नयाँ बनाउनेहरू' भनिनेछौ।" यशैया ५८:६-१२)। हामी इसाईचाहिँ भन्ने वा चर्चमा भाषण पनि गर्ने तर दुःख, कष्ट, चोट पाइरहेका, दिल टुक्रिएर उदास भएकाहरूलाई हामीहरूको क्षमता अनुसार सेवा गरेनौं वा वास्ता गरेनौं भने हामीले परमेश्वरको चरित्रलाई गलत ढङ्गले मानिसहरूको सामु प्रस्तुत गरिरहेका हुन्छौं अर्थात् उहाँको बदनाम गरिरहेका हुन्छौं ("३१ गरीबलाई थिचोमिचो गर्नेले तिनीहरूका सृष्टिकर्ताप्रति अवहेलना देखाउँछ, तर दरिद्रलाई दया देखाउनेले परमेश्वरको आदर गरेको हुन्छ। हितोपदेश १४:३१)।

येशूका भक्तहरू हौं भनेर यदि हामी देखाउन चाहँछौं भने हामीहरूका वरिपरि रहेकाहरूको सेवा गर्नु हाम्रो कर्तव्य किन हुन्छ भनेर परमेश्वरको वचनले सिकाएका धेरै कुराहरू सिकाउनु यस पुस्तकको लक्ष्य हो।

"तिमीहरूले सित्तैंमा पायौ, सित्तैमा देऊ" (मत्ती १०:८ रूपान्तरित)। इमान्दार र सद्दे येशूभक्तहरूको निम्ति यो व्याक्य काफी छ।

*सन २०१२देखि जोनाथान डफ्फीले अन्तराष्ट्रिय आड्राको निर्देशक भएर काम गर्नुभएको थियो। सन २००८मा आड्रा अस्ट्रेलियामा काम गर्नुभन्दा पहिले उहाँले साउथ पेसिफिक डिभिजन चर्चको एडभेन्टिस्ट हेल्थ निकायमा निर्देशक भएर काम गर्नुभएको थियो। सामाजिक सुस्वास्थ्यको बिकासमा र स्वस्थ्य जीवन शैलीको ज्ञानलाई अघि बढाउने काममा उहाँ धेरै अनुभवी हुनुहुन्छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | परमेश्वरले सृष्टी गर्नुभयो | १ |
| २. | उत्कृष्ट संसारको निम्ति नक्सा | १७ |
| ३. | सावथः | ३८ |
| ४. | भजनसंग्रह र हितोपदेशमा न्याय | ५९ |
| ५. | अगमवक्ताहरुको पीडा | ७४ |
| ६. | केवल सृष्टीकर्ता परमेश्वरको मात्र उपासना गर | १०० |
| ७. | येशू र अभावमा परेकाहरु | १२२ |
| ८. | साना भन्दा साना मेरा बहिनीहरु | १३९ |
| ९. | नयाँ करारको चर्चमा सेवाकार्य | १५५ |
| १०. | सुसमाचारको मर्म अनुसार जिउनु | १७२ |
| ११. | आशाको निम्ति जिउने एडभेन्टिस्ट | १८८ |
| १२. | करुणाप्रति प्रेम वा मोह | २०९ |
| १३. | सेवकहरुको समूदाय | २३० |

# अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन असोज १०, २०७५ (सेप्टेम्बर २८, २०१९) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार १४-२० (जुन २९-जुलाई ५) |
| २ | अध्याय २ | असार २१-२७ (जुलाई ६-१२) |
| ३ | अध्याय ३ | असार २८- श्रावण ३ (जुलाई १३-१९) |
| ४ | अध्याय ४ | श्रावण ४-१० (जुलाई २०-२६) |
| ५ | अध्याय ५ | श्रावण ११-१७ (जुलाई २७-अगस्ट २) |
| ६ | अध्याय ६ | श्रावण १८-२४ (अगस्ट ३-९) |
| ७ | अध्याय ७ | श्रावण २५-३१ (अगस्ट १०-१६) |
| ८ | अध्याय ८ | श्रावण ३२-भाद्र ६ (अगस्ट १७-२३) |
| ९ | अध्याय ९ | भाद्र ७-१३ (अगस्ट २४-३०) |
| १० | अध्याय १० | भाद्र १४-२० (अगस्ट ३१- सेप्टेम्बर ६) |
| ११ | अध्याय ११ | भाद्र २१- २७ (सेप्टेम्बर ७-१३) |
| १२ | अध्याय १२ | भाद्र २८ -असोज ३ (सेप्टेम्बर १४-२०) |
| १३ | अध्याय १३ | असोज ४-१० (सेप्टेम्बर २१-२७) |